# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ११७ | काठमाडौं | शुक्रबार, ०१ भदौ २०८० | Prabhab National Daily | Friday, August 18, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**आँखा पाक्ने रोगबाट बच्ने उपाय**

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## राजनीतिक सौदाबाजीमा रेशम रिहा !




■ जेबी योञ्जन

- रेशमको रिहाले 'ठूलालाई चैन र सानालाई ऐन' भन्ने चरितार्थ भएको सर्वोच्चको ठहर
- आममाफीले कानुनी व्यवस्थाको उपहास !

**काठमाडौं–** कैलालीको टीकापुर घटनाका मुख्य योजनाकार भनिएका रेशमलाल चौधरीको रिहालाई सर्वोच्च अदालतले 'राजनीतिक सौदाबाजी' ठहर गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसमा चौधरीलाई दिएको आममाफीलाई हाकाहाकी कानुनी उपहासको रूपमा अर्थ्याइएको छ । चौधरीको आममाफीले कानुनी व्यवस्थाको उल्लंघन भएकोसमेत जनाएको छ ।

गत १५ जेठमा गणतन्त्र दिवसको अवसरमा राष्ट्रपति पौडेलले चौधरीलाई आममाफी दिएका थिए । त्यसयता उनी नागरिक उन्मुक्ति पार्टीको राजनीतिक गतिविधिमा क्रियाशील छन् ।

यहीबेला सार्वजनिक सर्वोच्चको पूर्णपाठले चौधरीको आममाफी र रिहा कानुनी शासनको खिलापमा भएको सन्देश दिएको हो । पूर्णपाठमा भनिएको छ, 'मुद्दाहरूलाई राजनीतिक सौदाबाजीको रणनीतिअन्तर्गत फिर्ता लिनु वा स्थापित मूल्य मान्यता र कानुनी व्यवस्थासमेतको उल्लंघन र उपहास हुनेगरी माफी मिनाहा दिनेसमेतका कार्य गर्नु देशको संविधान, कानुन र न्यायका मान्य सिद्धान्तसमेतको हाकाहाकी विपरीत हुने देखिन्छ ।'

सर्वोच्चका न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले २ जेठमा उच्च अदालत दिपायलले रेशमविरुद्धको मुद्दामा गरेको जन्मकैदको सजायलाई सदर गरेको थियो । फैसलाको पूर्णपाठ भने तीन महिनापछि बिहीबारमात्रै आएको हो । जहाँ ७ भदौ २०७२ मा भएको टीकापुर घटना चीरकालसम्म चहराइरहने जघन्य अपराध भनिएको छ । कारण, मिसिलमा भएको विवरणले सुरक्षाकर्मीमाथि योजनाबद्ध आक्रमण भएको देखिएको सर्वोच्चकै निष्कर्ष छ ।

रेशमको रिहाले अपराधको राजनीतिकरण र कसूरदारलाई फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्ने कूचेष्टा भएको ठहर पनि सर्वोच्चको छ । यसले राजनीतिको आडमा कसूर गर्ने प्रवृत्ति मौलाउने र जुन चिन्ताजनक हुने पनि भनिएको छ ।


रगतमा लतपतिएका हातहरूले राजनीतिक संरक्षण प्राप्त गरेमा देशको फौजदारी कानुनले निषेध गरेको आपराधिक कार्य गरेका व्यक्ति नै ठूलठूलो आवाजका साथ निस्फिक्री समाजमा विचरण गर्ने अनपेक्षित अवस्था उत्पन्न हुनसक्ने पनि सर्वोच्चको अनुमान छ ।

एउटै कसूरमा कसैलाई कारबाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिंदा समाजमा व्याप्त 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने भनाइ यथार्थमा परिणत हुने र जसले न्यायालयमाथिको विश्वासमा (बाँकी पृष्ठ ३ मा)

## खाण प्रकरणमा कमजोर देउवालाई सुनिल पक्राउबाट राहत

■ प्रभाव संवाददाता

- कांग्रेस महामन्त्री गगन थापाले बालकृष्ण खाणलाई पार्टीबाट निलम्बन गर्नुपर्ने माग चर्काएका थिए
- आरजु राणा देउवाको नाम पोलेको अडियो फेक भनेर दाबी गरे पनि पछि प्रहरीले सन्देश शर्माकै स्वरसँग मेल खाएको भन्दै विज्ञप्ति जारी गरेपछि देउवालाई थप तनाव आइलागेको थियो
- आफ्नै पार्टीका संस्थापनइतरका सांसद सुनिल शर्मा पक्राउ परेपछि देउवालाई राहत मिलेको नेताहरूको दाबी



**काठमाडौं–** नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नै क्याबिनेटका गृहमन्त्री बालकृष्ण खाण पक्राउ परेपछि चर्को आलोचना खेपे कांग्रेस सभापति शेरबहादुर देउवाले । खाण देउवा गुटका बलिया नेता हुन् । वैशाख २७ गते नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भनी ठगी गरेको प्रकरणमा खाण पक्राउ परे । असार १ बाट खाण पूर्पक्षका लागि थुनामा छन् । खाणलाई नेपाली कांग्रेसले केन्द्रीय समितिले केन्द्रीय सदस्यबाट निलम्बन गरेको छैन । जबकि यही प्रकरणमा पूर्पक्षका लागि थुनामा परेका एमाले सचिव टोपबहादुर रायमाझीलाई पार्टीले पदबाट निलम्बन गरिसकेको छ ।

खाणलाई पार्टीबाट हटाउन नेपाली कांग्रेसका संस्थापनइतर पक्षबाट ठूलो दबाब पुग्यो । तर साउन २ बाट सुरु भएको कांग्रेस केन्द्रीय समितिमा अधिकांशले खाणको बचाऊ गरे । अदालतबाट प्रमाणित नभइसकेको मुद्दामा पार्टीले निर्णय गर्न नहुने तर्क उनीहरूको रह्यो । तर कांग्रेस महामन्त्री गगन थापाले भने खाणलाई पार्टीबाट निलम्बन गर्नुपर्ने फरक तर्क राखे । 'नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको अभियोगमा पुर्पक्षका लागि दायरामा आएका कुनै पनि तहका नेता, कार्यकर्ता वा सदस्यलाई पार्टीबाट निलम्बन गरौं । जसरी संसद्बाट निलम्बन हुन्छ, त्यसरी पार्टीबाट पनि हुन्छ । यो नै विधिको शासन र विधिशास्त्रको मान्यता हो,' थापाले साउन ८ गते आफ्नो धारणा सुनाए केन्द्रीय समितिमा ।

खाण पक्राउका कारणमात्र हैन नक्कली शरणार्थी प्रकरणमा आफ्नै पत्नी आरजु देउवाको नामसमेत अभियुक्तहरूले मुछिदिएपछि तनावमा परेका थिए देउवा । सन्देश शर्माले आरजुको नाम पोलेका थिए । उक्त अडियो 'फेक' भन्दै आरजुले प्रहरीको साइबर सेलमा उजुरी दिएकी थिइन् । यद्यपि उक्त अडियो शर्माकै स्वरसँग मेल खाएको भन्दै असार २४ गते प्रहरीले विज्ञप्ति जारी गरेपछि देउवालाई थप तनाव आइलागेको थियो । यस अवधिमा मौन बसेको देउवालाई आफ्नै पार्टीका सांसद सुनिल शर्मा पक्राउ परेपछि राहत मिलेको छ ।

शर्माले साउन ३ गते विमानस्थलबाट पास भएर सिनामंगलबाट जफत ६० केजी सुन प्रकरणमा अर्थमन्त्री (बाँकी पृष्ठ २ मा)

**'प्रहरी र चौकीदारसहितका कैदीको संलग्नता देखियो'** (पृष्ठ ५ मा)

## नेपालको बिजुली बंगलादेश बिक्रीका लागि सहमति

■ रमेश लम्साल

### पहिलो चरणमा ४० मेगावाट जाने

**काठमाडौं–** नेपालको बिजुली बंगलादेश निर्यातका लागि आवश्यक बहुपक्षीय सहमति भएको छ । सरकारी अधिकारीका अनुसार नेपालले त्यसलाई प्रारम्भिक सहमति भनेर अर्थ्याएको छ । नेपाल, भारत र बंगलादेशबीच बिजुली निर्यातका लागि आवश्यक सहमति भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जानकारी दिएको छ । प्रारम्भिक चरणमा बंगलादेशले नेपालबाट ४० मेगावाट बराबरको बिजुली लैजाने जनाएको छ ।

हाललाई ४० मेगावाट धेरै नभए पनि नेपालको बिजुली तेस्रो देश निर्यात गर्ने विषय भने महत्त्वपूर्ण रहेको यस क्षेत्रका जानकारहरूको भनाइ छ । नेपाल विद्युत् प्राधिकरणले भारतीय नोडल एजेन्सी एनभिभिएन बंगलादेश निर्यातका (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### नेपाल र मलेसियाका व्यवसायीबीच छलफल

## सिण्डिकेट र गैरकानुनी अभ्यास निषेध गरिने

■ प्रभाव संवाददाता




**काठमाडौं–** मलेसिया भ्रमणमा रहेको नेपाल वैदेशिक रोजगार संघको प्रतिनिधिमण्डलले त्यहाँका उद्योगी तथा व्यवसायीका संघसंस्थाहरूसँग भएको भेटमा आपसी सम्बन्ध विस्तार एवं रोजगारसम्बन्धी अप्ठेराहरू फुकाउने सन्दर्भमा बृहत् छलफल गरेको छ । नेपाली वैदेशिक रोजगार व्यवसायी र मलेसियन वैदेशिक रोजगार व्यवसायीबीचको द्विपक्षीय सम्बन्ध सुदृढ गर्न र नेपालबाट मलेसिया कामदार ल्याउने सिलसिलामा देखिएका समस्या तथा अप्ठेराहरू हल गर्ने सम्बन्धमा छलफल भएको बताइएको छ ।

पछिल्लो समय संघको प्रतिनिधिमण्डलले मलेसियाको सेक्युरिटी गार्डहरूको प्रतिष्ठित संस्था परसातुयन इण्डस्ट्री केसेलामातन मलेसिया (पिआइकेएम)सँग नेपाली कामदार भर्तीसम्बन्धी अन्तरक्रिया गरेको छ । मलेसियामा रोजगारदाता र कामदारबीच समन्वयकारी भूमिका निर्वाह गर्दै आएको पिआइकेएमसँग विभिन्न शीर्षकमा केन्द्रित भएर छलफल गरेको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

दुई संस्थाबीच कामदार भर्तीका सम्बन्धमा समान धारणा बनाउने, मलेसियामा दर्ता नभएका एजेन्टहरूलाई निरुत्साहित गराउन पिआइकेएमले प्रभावकारी भूमिका खेल्ने, एजेन्सीमार्फत भर्ती भएका कामदारहरूको कल्याणका लागि जिम्मेवारी बहन गर्न तयार हुने विषयमा छलफल भएको छ ।

त्यस्तै संस्थागत रूपमा एकअर्काको फोरमको पहिचान र सदस्यहरूबीचको सम्बन्ध सुदृढ गर्ने, सम्बन्धित सरकारहरूसँग सम्पर्क तथा समन्वयका लागि आपसी सहयोग गर्ने, कुनै पनि पोस्टमा भर्ती हुने कामदारहरूको समस्या समाधानका लागि एकअर्कालाई समर्थन गर्ने विषयमा पनि छलफल केन्द्रित भएको महासिचव भुर्तेलले जानकारी दिए ।

यसैगरी संघ र पिअइकेएमबीच सम्बन्ध तथा संवाद विस्तारका लागि सशक्त सञ्चार च्यानल स्थापना गर्ने, कामदार भर्ती प्रक्रियामा हुने सक्ने सिण्डिकेट र गैरकानुनी अभ्यासलाई निषेध गर्ने, नेपालका वैदेशिक रोजगार व्यवसायीले निकट भविष्यमा आयोजना गर्न लागेको रोजगार मेलालाई समर्थन तथा सहयोग गर्ने र कुनै पनि कामदारको मेडिकल 'अनफिट'का मुद्दालाई सामूहिक रूपमा हल गर्न आवाज उठाउने विषयमा पनि बृहत् छलफल भएको बताइएको छ ।

त्यसैगरी फेडेरेसन अफ मलेसियन म्यानुफचाक्चरर्स (एफएमएम)सँग पनि छलफलको कार्यतालिका रहे पनि प्राविधिक कारणले कुनै अन्तरक्रिया हुन नसकेको महासचिव भुर्तेलले बताए । तर, एफएमएमले अनौपचारिक संवादका क्रममा कामदार भर्ती प्रक्रियामा संघलाई सहयोग गर्ने र मलेसियामा गर्न लागिएको रोजगार मेलालाई सबै प्रकारको साथसमर्थन रहने जानकारी दिएको उनले बताए ।

यसअघि संघको प्रतिनिधिमण्डलले मलेसियास्थित सि लाइसेन्स होल्डर एसोसियसनसँग पनि रोजगार मेला सञ्चालन, कामदार भर्तीमा विचौलिया निषेध, एकाधिकारको अन्त्यलगायत विभिन्न विषयमा केन्द्रित रहेर छलफल गरेको थियो । त्यस्तै संघले क्वालालाम्पुरस्थित नेपाली दूतावासलाई पनि मागपत्र प्रमाणीकरण, राहदानीको समस्या समाधान र जेलमा रहेका नेपाली कामदारहरूको उद्धारमा सहजीकरण गरिदिनुपर्नेलगायतका विषयमा ध्यानाकर्षण गराएको थियो ।

रोजगारदाता उद्योग व्यवसायी संघसंस्थाहरू सँग भेट गरी प्रत्यक्ष सम्वन्ध स्थापित गर्ने उद्देश्यले संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा मलेसिया भ्रमणमा रहेको वैदेशिक रोजगार व्यवसायीहरूको प्रतिनिधिमण्डल शुक्रबार (आज) स्वदेश फर्किने कार्यक्रम रहेको भुर्तेलले जानकारी दिए ।

## एक हजार श्रमिकलाई टेलिमेडिसिन सेवा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार बोर्डको सचिवालयले सञ्चालनमा ल्याएको टेलिमेडिसिन सेवामार्फत रोजगारीका लागि विदेश गएका झण्डै एक हजार नेपाली श्रमिकले स्वास्थ्य परामर्श तथा उपचार सेवा लिएका छन् । गत आर्थिक बर्ष २०७९/८० को चैत महिनाबाट सुरु गरिएको टेलिमेडिसिनमार्फत ९३७ जनाले स्वस्थ्य सेवा लिएको बोर्डले उल्लेख गरेको छ ।

टेलिमेडिसिन सेवा प्रभावकारी हुँदै गएको भन्दै (बाँकी पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**


- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## नेपालको बिजुली...

पृष्ठ १ बाट जारी

लागि सहमति गरिसकेको छ । सोही संस्थामार्फत नेपालको बिजुली बंगलादेश पुग्नेछ । बिजुली निर्यातका लागि आवश्यक सहमति भएको र केही विषय बाँकी रहे पनि त्यसलाई छिट्टै टुंगोमा पु-याइने प्राधिकरणका प्रबल अधिकारीले जानकारी दिए ।

इमेल आदानप्रदान गरेर एकापसमा सहमति जनाइएको र त्यसलाई भौतिक उपस्थितिमा नै दुई देशका अधिकारीले हस्ताक्षर गर्ने सहमति भएको छ । कुन आयोजनाको बिजुली बंगलादेश पठाउने, प्रतियुनिट कति मूल्य लिने र प्रसारण शुल्कबापत भारतीय कम्पनीलाई के कति भुक्तानी गर्ने भन्ने विषयमा सहमति हुन बाँकी छ । यसलाई निष्कर्षमा पु-याउन धेरै समय नलाग्ने यसमा संलग्न पदाधिकारीको भनाइ छ । स्वतन्त्र ऊर्जा उतपादकको संस्था नेपाल (इपान)का अध्यक्ष गणेश कार्कीका अनुसार तत्कालका लागि कति मात्रामा बंगलादेश बिजुली पठाउन लागियो भन्ने भन्दा पनि बाटो खुल्यो भन्ने विषय महत्त्वपूर्ण हो ।

यसले नेपालको बिजुली तेस्रो देश पनि निर्यात हुन थाल्यो भन्ने सन्देश प्रवाह हुने र लगानी भित्रचाउन सहज हुने उनको भनाइ छ । अध्यक्ष कार्कीले निजी क्षेत्रलाई पनि बिजुली निर्यातका लागि अनुमति दिन आग्रह गरे । 'हामीले अनुमति पाएको खण्डमा भारत र बंगलादेशका निजी क्षेत्रसँग छलफल गरेर थप निर्यातका लागि मार्ग प्रशस्त गर्न सक्छौं,' उनले भने, 'यसमा सरकार र निजी क्षेत्र दुवैको साझा प्रयास हुनु जरुरी छ । हामी त्यसका लागि तयार छौं ।'

सन् २०४० सम्म बंगलादेशले नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने आफ्नो रणनीतिक योजनामा समावेश गरेको छ । हाल भारतले बंगलादेशलाई बिजुली निर्यात गरिरहेको छ । स्वच्छ ऊर्जाको खोजीमा रहेको बंगलादेशले नेपालका केही महत्त्वपूर्ण आयोजनामा लगानीका लागि चासोसमेत व्यक्त गरेको छ । गत जेठ २ मा बंगलादेशमा सम्पन्न नेपाल बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले बिजुली निर्यातको निर्णय गरेको थियो । सो बैठकले अन्तरदेशीय प्रसारणलाइनको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तरदेशीय विद्युत् आयात निर्यात गर्नेलगायतका विषयमा गम्भीर छलफल भएको थियो ।

सोही बैठकले ४० मेगावाट बिजुली निर्यातका लागि नेपाल विद्युत् प्राधिकरण, एनटिपीसी विद्युत् व्यापार निगम, भारत र बंगलादेशबीच पावर डेभलपमेन्ट बोर्डबीच विद्युत् बिक्री सम्झौतामा यथाशीघ्र हस्ताक्षर गर्ने सहमति भएको थियो । सोही सहमतिअनुसार त्रिपक्षीय सम्झौता भएको हो । नेपालबाट खरिद गर्ने बिजुलीको खरिद दरका विषयमा आवश्यक निर्णय गर्न एक समिति आवश्यक पर्ने बंगलादेशको नियम रहेको छ । सो समितिमा रहने सदस्यको नाम समेत प्रस्ताव भइसकेको बंगलादेशले जानकारी गराइसकेको छ ।

नेपालका तर्फबाट यही भदौको दोस्रो सातासम्म आवश्यक सबै प्रक्रिया टुंगो लगाउन प्रस्ताव गरिएको छ । सबै प्रक्रिया मिलाएर निर्यात सुरु गरी हाल्ने योजना तय गरिएको छ । 'वर्षायामको बिजुली नै 'टोकन'का रूपमा पठाउन लागिएको हो । हिउँद लागेपछि त्यसको कुनै सम्भावना नै रहन्न । सोही भएर हामीले आवश्यक तयारी छिटोछिटो गरिरहेका छौं,' यस प्रक्रियामा सहभागी ऊर्जा मन्त्रालयका एक सहसचिवले भने, 'दुई देशका ऊर्जा सचिवस्तरीय बैठकले गरेको निर्णय क्रमशः कार्यान्वयनको चरणमा प्रवेश गरेको छ ।'

नेपाल र भारतका ऊर्जा सचिवबीच गत फागुनमा सम्पन्न १०औं बैठकमा बंगलादेश बिजुली निर्यातका लागि आवश्यक सहमति भएको थियो । तत्कालका लागि ५० मेगावाट बिजुली निर्यातका लागि भारतीय प्रसारण प्रणाली प्रयोग गर्न दिन भारतीय पक्ष सहमत भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो भारत भ्रमणमासमेत यस विषयमा महत्त्वपूर्ण सहमति भएको छ । आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली आयात गर्नेदेखि नेपालको बिजुली बंगलादेश निर्यातका लागिसमेत भारत सहमत भएको थियो ।

कूल ६८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो आयोजना निर्माणका लागि आवश्यक पूर्वतयारीको कामसमेत भइरहेको छ । गत जेठमा सम्पन्न नेपाल र बंगलादेशका ऊर्जा सचिवस्तरीय बैठकले छ महिनाभित्र आयोजना विकासका लागि संयुक्त उपक्रम तयार पार्ने सहमति भएको थियो । बंगलादेशले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको ५०० मेगावाट बिजुली खरिद गर्ने तयारी गरेको छ । यद्यपि, सो आयोजनाको प्रवर्द्धक ग्रान्धी माल्लिकाजुर्न राव (जिएमआर)ले वित्तीय व्यवसथापन गर्न नसक्दा अगाडि बढ्नसकेको छैन ।

लगानी बोर्डको प्रस्तावमा सरकारले आयोजनाको म्याद अन्तिमपटक दुई वर्षका लागि थप गरे पनि हालसम्म कुनै प्रगति हुनसकेको छैन । नेपाल र बंगलादेशबीच भारतीय भूमि प्रयोग गरेर 'डेडिकेटेड' रूपमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने विषयमासमेत सहमति भएको छ । नेपालको प्राधिकरण र बंगलादेशको बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच सहमति गरेर छिट्टै बिजुली निर्यातका लागि आवश्यक निर्णय गर्ने तयारी गरिएको छ । *रासस*

## खाण प्रकरणमा...

पृष्ठ १ बाट जारी

डा. प्रकाशशरण महत र गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा माग गरेका थिए । यतिमात्र हैन दुई मन्त्रीको राजीनामा नआए आफू संसद्मै आमरण अनसन बस्ने घोषणा गरेका थिए । उनै सांसद शर्मालाई प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पनि साथ दियो । साउन २५ गते शर्मा नक्कली प्रमाणपत्र प्रकरणमा प्रहरीको फन्दामा परे । त्यसपछि कांग्रेस संस्थापनइतर चुप बस्न बाध्य भयो ।

बरु शुक्रबारको बैठकमा नेकपा एमालेले शर्मा पक्राउबारे आपत्ति जनाए । एमाले अध्यक्ष केपी शर्मा ओलीले शर्माको पटक-पटक बचाऊ गरे । यतिमात्र हैनन् शर्माले ओलीको जयजयकारसमेत गरे । शर्माको हर्कत्ले कांग्रेस संस्थापनइतरका नेताहरू डा. शेखर कोइराला र महामन्त्री गगन थापा चुप बस्न बाध्य भए । देउवाका आलोचक गगनलेसमेत शर्मा प्रकरणमा मुख खोल्न सकेनन् ।

'बोलुँ बालकृष्ण खाणको निलम्बन मागेकोले किन बोले भन्लान् भन्ने डर, नबोलु आफ्नै गुटका नेताले गुट फेर्लान् भन्ने डर,' कांग्रेसका एक केन्द्रीय सदस्यले भने, 'त्यसपछि न त शेखर बोले न त गगन ।' अदालतले म्याद नथपेपछि प्रहरीले शर्मालाई शनिबार छाडिदियो । त्यसपछि डा शेखरले केही मुख खोले शर्माको पक्षमा । 'सुन काण्डका विषयमा नेपाली कांग्रेसकै एक सांसदले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा माग्नुभयो । उहाँका गल्ती-कमजोरीहरू होलान्, त्यसको छानबिन र कारबाही हुनुपर्छ,' कोइरालाले भने, 'तर, प्रतिशोधको भावनाले अघि बढ्ने हो भने देशलाई कहाँ पु-याउन खोजिएको हो ? यो अहिले गम्भीर विषय हो ।'

यसअघि नै शुक्रबारको संसदीय दलको बैठकमा संस्थापन पक्षका नेताहरूले शर्मा पक्राउ गैरकानुनी भनेका थिए । मेडिकल कलेजका सञ्चालकसमेत रहेका शर्माको कक्षा १२ का प्रमाणपत्र नक्कली रहेको प्रहरीको दाबी छ । सात वर्षअघि नै प्रहरीले उनलाई 'अपरेसन क्वाक'मा पक्राउ गर्ने तयारी गरेको थियो । तर त्यतिबेला शर्मा जापान भागेका थिए । उनै शर्मा पक्राउ प्रकरणले देउवालाई संस्थापनइतरलाई तह लगाउने गरी हाइसञ्चो भएको कांग्रेसकै नेताहरू दाबी गर्छन् ।


### बिद्धुतीय बोलपत्र e-GP आह्वानको सूचना

**सूचना नं. NA/DIV-NW-EMEBN/080/81/1**

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०१ गते ।

१. चालु आ.ब. २०८०/८१ को लागि यस ई.एम.ई गणलाई आवश्यक पर्ने बिभिन्न किसिमका सवारी साधनहरुको स्पेयर्स पार्टसहरुको e-GP System को माध्यमबाट ठेक्का लिई आपूर्ति गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई यो बोलपत्र आह्वान गरिएको छ ।

| सि.नं. | कामको विवरण | बोलपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | बोलपत्र जमानत ने.रु. | बोलपत्र मान्य हुने अबधी | बोलपत्र विड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १. | बिभिन्न किसिमका सवारी साधनहरुको स्पेयर्स पार्टसहरु आपूर्ति | ३०००/- | १,१६,०००/- | ९० | २०८०/०५/३१ गतेको १२:०० बजे । | २०८०/०५/३१ गतेको १३:०० बजे उत्तर पश्चिम पृतना ई.एम.ई. गण । |

२. थप जानकारीको लागि फोन नं. ०८३५९०२९३ तथा ईमेलः div-northwest-eme@nepalarmy.mil.np मा सम्पर्क राख्न सकिने र बोलपत्र www.bolpatra.gov.np//egp सिष्टम मार्फत विड गर्नुपर्ने छ ।

३. राजस्व दाखिलाको लागि कार्यालय कोड नं. ३४५०१६८०१, कार्यालय श्री उत्तर पश्चिम पृतना ई.एम.ई गण, खाता नं. १०००२०००१०००० राष्ट्रिय बाणिज्य बैङ्क शाखा कार्यालय विरेन्द्रनगर सुर्खेत, राजस्व शिर्षक नं. १४२२९

४. धरौटी दाखिलाको लागि कार्यालय कोड नं. ३४५०१६८०१, धरौटी खाता नं. ४०८०१००१०२०३०००० राष्ट्रिय बाणिज्य बैङ्क, विरेन्द्रनगर सुर्खेत शाखा, खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का. विरेन्द्रनगर सुर्खेत ।


## एक हजार...

पृष्ठ १ बाट जारी

बोर्डले मलेसियाबाट सबैभन्दा बढी श्रमिकले सेवा लिएको जनाएको छ । मलेसियाबाट २७५ जनाले टेलिमेडिसिन सेवा लिएको बोर्डको तथ्यांकले देखाएको छ । त्यसैगरी साउदी अरेबियाबाट २२७ जना स्वास्थ्य परामर्श तथा उपचारका लागि सेवा लिएका छन् । यस्तै कतारबाट १०४, युएईबाट ९७, कुवेतबाट ७१, कोरियाबाट ५७, जापानबाट १९, पोर्चुगलबाट ११, रोमानियाबाट ११ र अन्य मुलुकबाट ६५ जनाले टेलिमेडिसिन सेवा लिएका छन् । जसमा सबैभन्दा बढी मेडिसिन, सर्जरी र अर्थोपेडिकमा उपचार तथा परामर्श लिने रहेको बोर्डले जनाएको छ । बोर्डको तथ्यांकअनुसार १६ वटा मुलुकबाट श्रमिकहरूले सेवा लिइरहेको देखिएको छ ।

'पाइलट प्रोजेक्ट'को रूपमा ल्याएका टेलिमेडिसिन सेवा प्रभावकारी देखिएको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए । उनका अनुसार वीर अस्पतालसँगको सहकार्यमा सञ्चालन गरिएको कार्यक्रममा परामर्शका लागि एक जना चिकित्सक र दुई जना स्टाफ नर्स जुनसकै समयमा पनि उपलब्ध हुनेगरी व्यवस्था मिलाइएको छ । 'यो सेवाको प्रभावकारीको आधारमा बोर्डले दिर्घकालिन रूपमा सेवा बिस्तार गर्दै लैजानेछ,' उनले भने । परामर्शका आधारमा गम्भिर र जटिल प्रकारका बिरामीलाई हप्ताको दुई दिन विशेषज्ञ सेवा पनि उपलब्ध गराइरहेको पनि निर्देशक पौडेलले जानकारी दिए । अहिलेसम्म ५० जनाभन्दा बढीले विशेषज्ञ सेवा लिएको उनले बताए ।


### प्रभु होल्डिङ्स् लिमिटेड को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः भाद्र १, २०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८० ।
समय : दिनको १:०० बजे ।
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा. ३१, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा ।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
६) विविध ।

संचालक समिति
प्रभु होल्डिङ्स् लिमिटेड



### डि.जी.एण्ड सन्स ट्रान्सपोर्ट प्रा.लि. लिक्विडेशन (स्वेच्छिक खारेजी) सम्बन्धी लिक्विडेटरको कार्यालयको सुचना

**प्रथम पटक प्रकाशन मिति २०८०।०५।०१**

**मिति २०७६।११।१९ मा दर्ता भएको जिल्ला सुनसरी इटहरी उप.म.न.पा. वडा नं. ४ स्थित डि.जी.एण्ड सन्स ट्रान्सपोर्ट प्रा.लि. को प्रा.लि.नं.२३५६७०/०७६/०७७ को मिति २०८०।०४।२९ को एकल शेयरधनीको बैठकको निर्णयानुशार कम्पनी ऐन २०६३ को दफा १२६ अनुसार कम्पनीले आफ्नो ऋण तथा दायित्व तिर्न सक्षम रहेको भनी एकल शेयरधनीले उद्घघोष गरेको हुँदा सो ब्यहोराको आधारमा कम्पनीलाई (लिक्विडेशन) दर्ता खारेजीमा लैजानका लागि लिक्विडेटर नियुक्त भैसकेकाले उक्त कम्पनीले ऋण लिएको वा तिर्न बुझाउन पर्ने ऋण तथा दायित्व बाँकी भएमा आफु संग भएको दाबि प्रमाणित गर्ने सबुद प्रमाण भए सो प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न स्थान र ठेगानामा रहेको लिक्विडेटरको कार्यालयमा दाबी लिई आउनका लागि सबै सरोकारवालाहरुलाई यो सुचना प्रकाशित गरिएको छ । तोकेको समय भित्र दावी लिई नआएमा उक्त कम्पनीको तर्फबाट तिर्न बुझाउन बाँकी नरहेको मानी कम्पनीको दर्ता खारेज गरिने तर्फ आवश्यक कारवाही अगाडी बढाउने ब्यहोरा समेत अनुरोध गरिन्छ ।**

**कायम गरिएको कार्यालय**
**ल चेम्बर एण्ड रिसर्च सेण्टर प्रा.लि.**
**अनामनगर, काठमाडौं**
**मो.नं. ०१५१७२००१**

**लिक्विडेटर**
**श्री तुल बहादुर श्रेष्ठ**
**काठमाडौं**



### प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड को छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः भाद्र १, २०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको छैटौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८० ।
समय : बिहान ०७:०० बजे ।
स्थान : कम्पनीको कार्यालय, वीरगंज म.न.पा. ३२, पर्सा ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा ।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
६) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड



# Bhimphedi Rural Municipality
## Office of Rural Municipal Executive
**Bhimphedi, Makwanpur**
**Bagmati Province, Nepal**

### Invitation for Bids for Construction of Dharkey Mahabhir Swara Sadak.

**Date of publication: 18-08-2023**

1. The Bhimphedi Rural Municipality has allocated funds towards the cost of Dharkey mahabhir swara sadak and intends to apply part of the funds to cover eligible payments under the contract (contract no: BRMMK/NCB/CDMSS/01/2080.081). Bidding is open to all eligible bidders as per section V of Bidding Documents.
2. Bhimphedi Rural Municipality invites electronic bids from eligible bidders for the construction of Construction of Earthwork excavation, gabion work and others etc. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualification should participate in the bidding.
   a. Minimum Average Annual Turnover of the best 3 years within the last 10 years: 1,64,00,000
   b. Minimum work experience of similar Size and nature: should have completed worth Rs. 82,00,000
4. Eligible Bidder may obtain further information about Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/epg, shall submit a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 5000.0 till 17-09-2023 10:00 a.m during office hours or online in the following Bank.
   – Name of the Bank: NIC Asia Bank Ltd, Bhimphedi Branch
   – Name of Office: Bhimphedi Rural Municipality Office
   – Internal Revenue (Rajaswa) Account no.: 167CA5750-3077001 (For purchasing Bid Documents Only)
   – Security Deposit (Dharauti) Account Number: G7CA503072524001 (For Bid Security Only)
5. Pre-bid meeting shall be held at: Bhimphedi Rural Municipality Bhimphedi Makwanpur, Bagmati Province Nepal at 07-09-2023 14:00 hours.
6. Electronic bids must be submitted to the office E-Bid only/ online portal of through PPMO website www.bolpatra.gov.np/epg on or before 17-09-2023 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17-09-2023 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi, Makwanpur, Bagmati Province Nepal.
8. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 5,95,000.00 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
11. Evaluation and Qualification Criteria:
    Construction Experience in key Activities on Similar Size and Nature:
    a. Roadway excavation hard rock: 6975 CU.M
12. Required Bid Capacity: The bidding capacity of the bidder should be equal to or more than the NRs. 1,57,32,000.
13. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Bhimphedi Rural Municipality**
**Chief Administrative Officer**

# सुरू भयो 'गुँला पर्व'

**भादगाउँ (भक्तपुर)**– एक महिनासम्म मनाइने 'गुँला पर्व' बिहीबारदेखि सुरु भएको छ। विशेषगरी बौद्ध धर्मावलम्बीले धुमधामका साथ मनाउने यो पर्व नेपाल संवत्‌को गुँलाथ्व पारुदेखि ञलाथ्व पारुसम्म मनाउने गरिन्छ। यस वर्ष साउन ३२ गतेदेखि भदौ ३० गतेसम्म मनाइने भएको छ।

नेपाल भाषामा 'गुँ' को अर्थ 'नौ' र 'ला' को अर्थ 'महिना' हो। यस अर्थमा नेपाल संवत्‌को नवौं महिनामा मनाइने पर्व भएकाले यसलाई गुँला पर्व भनिएको संस्कृतिकर्मी रामशेखर शाक्यले बताए। उनका अनुसार बौद्ध समुदायबाहेक हिन्दू धर्मावलम्बीका नेवार समुदायले पनि पछिल्ला वर्षमा यो पर्व मनाउन थालेका छन्।

दुईदेखि ३०० धर्मावलम्बीको सहभागितामा गुँला बाजाले प्रत्येक बिहान नगरका विभिन्न मठमन्दिर, बौद्ध विहार र चैत्य परिक्रमा गरेर विशेष पूजाआजाका साथ पर्व मनाइने शाक्यले जानकारी दिए। उनका अनुसार एक महिनाको अवधिमा नागपञ्चमीका दिन चाँगुनारायण मन्दिरमा, गाईजात्राका दिन भक्तपुर सहरको विभिन्न मठमन्दिर, देवालय र विहारको परिक्रमा गर्ने प्रचलन छ।

यस पर्वमा स्वयम्भू, महाचैत्य, बौद्ध चैत्य, स्थानीय बहाः, बही, बौद्ध, पाटनको पुल्चोकका साथै उपत्यकाका विभिन्न चैत्यस्थलको परिक्रमा गरिन्छ। राँगा, भेडाको सिङबाट बनाइएका 'न्याकुँ' बाजा, दाफा, धाः, बाँसुरी, धिमे, भुस्यालगायत बाजा बजाएर परिक्रमा गर्ने प्रचलन रहेको शाक्यले बताए। उनका अनुसार गुँला पर्वका अवसरमा विशेषगरी नौ बाजा बजाउने प्रचलन छ।

'गुँला पर्वको प्रमुख विशेषता न्याकुँ बाजा बजाउनु हो। यो बाजा राँगाको सिङबाट निर्माण गरिएको हुन्छ,' उनले भने, 'पछिल्लो समय विभिन्न मौलिक बाजागाजासहित गुँला पर्व मनाउने प्रचलनमा वृद्धि भएको छ।' *रासस*

## राजनीतिक...
पृष्ठ १ बाट जारी

ह्रास ल्याउनसक्ने पनि उल्लेख छ।

सर्वोच्च सर्वाधिक चिन्तित भएको भनेको राजनीतिको आवरणमा कसूरदारलाई फौजदारी कसूरबाट सिर्जित दायित्वबाट उन्मुक्ति दिएको भन्नेमा हो। त्यसो हुँदा फौजदारी न्याय मर्ने पूर्णपाठमा उल्लेख छ।

पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारले गठबन्धनलाई मजबुत् पार्न रेशम आबद्ध दल उन्मुक्तिको साथ खोजेको थियो। त्यसबेला अध्यक्ष तथा रेशम पत्नी रञ्जिता श्रेष्ठ चौधरीले रेशमको रिहाइ 'बटमलाइन' बनाएकी थिइन्। प्रधानमन्त्री दाहालले चौधरीले अघि सारेको उक्त माग सम्बोधन गराएका हुन्। यसपछि दाहाल सरकार थप मजबुत भएको हो। सर्वोच्चले यही तथ्यमा टेकेर फौजदारी कसूर गरेको प्रमाणित भएर पनि रेशमलाई उन्मुक्ति दिनुलाई 'राजनीतिक सौदाबाजी' भएको ठहर गरेको हो।

७ भदौ २०७२ मा थरूहट आन्दोलन चर्किरहेकै बेला कैलालीको टीकापुरमा भएको विरोधप्रदर्शन हिंसात्मक बनेको थियो। त्यहाँ भीडले आक्रमण गरेर नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेसहित आठ सुरक्षाकर्मीलाई मारिदिएको थियो। यस प्रकरणमा आरोपीमध्ये रेशमसहित धेरै जना दोषी ठहरिएका थिए।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०५/०१**

यस कम्पनीको मिति २०८०/०२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **Maitri Mangalam Arganic Krishi Form Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरी **Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

## Notice !

Husband : Satyajit Nanda (Indian Passport No.: X9563094)
S/O- Shiba Krushna Nanda
Address:- Near Panchamukhi Hanuman Temple, AT/PO-Hatatota, Talcher
Dist:- Anugul, Odisha, India
Married to (Wife)-Megha Thapa (Nepali Passport No. Pa0241930)
D/O Krishna Bahadur Thapa
Address:- Thapa Tole, Inaruwa 6, Sunsari, Nepal
Place of Marriage:- Biratnagar, Eastern Star Hotel, Roadcess
Date of Marriage occurred :-12th May 2022

**This Notice has been given for the propose of marriage registration at Indian Embassy, Kathmandu, Nepal**
**Contact No.: +977-9801287081, +91-8433360570**

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०२/२१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बोजिम साबिक कम्पनी को नाम **होटल शुभयात्रा** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु ब्यहोर्नु पर्ने ऋृण, धन कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने ब्याहोर्ने गरी कम्पनिको नाम परिवर्तन गरी **ईसेन्सियल इन्स्टिच्यूट अफ हस्पिटालिटी प्रा. लि. (Essential institute of hospitality Pvt. Ltd.)** कायम गरिएको ब्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

वीरगंज महानगरपालिका वडा नं. ३२ पर्सा, को

### शेयरमा हकदावी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति : भाद्र १, २०८०**

यस कम्पनीको संस्थापक शेयरधनीज्यूहरुले कम्पनीको जगेडामा रहेको शेयर थप लिने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको कुमारी बैंक लि. तिनकुने शाखाको खाता नं.२३५०२६८६९९१०००01 मा प्रति शेयर कम्पनी ब्यवस्थापन शुल्क रु.१५/- थप गरि आफुले लिन चाहेको शेयर वापतको रकम दाखिला गर्न अनुरोध गरिएको छ। सो समय भित्र रकम जम्मा गरि दावि नगर्नु भएमा कम्पनीले अन्य लगानीकर्तालाई जगेडामा रहेको शेयर हस्तान्तरण गरि कम्पनीको शेयर लगत बन्द गर्ने ब्यहोरा सम्पूर्ण हाल सम्म कायम हुनु भएका शेयरधनीज्यूहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनी सचिव**
**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड**
प्रधान कार्यालय: वीरगंज म.न.पा.वडा नं.३२, पर्सा, नेपाल।
शाखा कार्यालय: का.म.न.पा. वडा नं.३२, तिनकुने, काठमाडौं।
फोन नं. ०१-५९१३७२८/५९१३७२९
Website : www.prabhusteel.com


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : D'WIN Cleaning & Aesthetic Contract Sdn.Bhd**

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT. No. 290492 | चलानी नं. ६०२०५६८९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 25 | 0 | 1500 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ८ गते (25th Aug. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रोजगारदाता कम्पनीले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

### कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.

श्रम ईजाजत नं. ३१७/०५९/०६०

सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np


## हाईड्रो होल्डिङ्स् लिमिटेड
को

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: भाद्र १,२०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई अनुरोध गर्दछौ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८०।
समय : दिनको ३:०० बजे।
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा. ३१, काठमाडौं।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२) आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।
६) विविध।

HYDRO HOLDINGS LIMITED

संचालक समिति
हाईड्रो होल्डिङ्स् लिमिटेड

# Shailyashikhar Municipality
## Office of Municipal Executive
### Gokuleshwor , Darchula
### Sudurpaschim Province Nepal

## Invitation for Bids (E- Bidding)

**Date of publication: August 18, 2023 ( 2080 -05-01)**

The Shailyashikhar Municipality, Office of Municipal Executive Gokuleshwor Darchula, invites electronic bids from eligible bidders under the National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures for the procurement of the works mentioned below.

| S.No. | IFB No. | Particulars | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | SM/2080/81/SB/1 | Construction of School Building of Shree Galainath Secondary School , Ward no. 8 | 1100000 | 5000 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Shailyashikhar Municipality, Office of Municipal Executive Gokuleshwor Darchula , Phone No.: 9860556156 , email : shailyashikhar.gov@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Act. Chief Administrative Officer**

## अत्यन्तै जरुरी सूचना

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाबाट जारी सूचना अनुसार देशैभर हल्का देखि भारी वर्षा भईरहेकोले भारी वर्षाको समयमा सुरक्षित स्थानमा बस्नु हुन, नदी-खोला नाला र वनजङ्गलमा घाँस दाउरा संकलन गर्न जादा सजकता अपनाउनु हुन, बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा हिड्डुल तथा नजिक नबस्नु हुन तथा सडकको अवस्था बुझेर मात्र यात्रा तय गर्नु हुन सबैमा अनुरोध छ। यदि कुनै किसिमको विपद्‌जन्य घटना घटेमा वा विपद् जन्य घटनाको जानकारी भएमा नजिकको प्रहरी चौकी, नगर प्रहरी, स्थानीय निकाय विपद् व्यवस्थापन समिति, आम सञ्चार माध्यम तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराई सहयोग गरिदिन हुन नगरपालिका वासीहरुमा हार्दिक अनुरोध गरिन्छ।

**मणि राज शाह**
**प्रमुख प्रशासकीय अधिकृत**

**रवि के.सी.**
**नगर प्रमुख**

**आठविसकोट नगरपालिका**
**रूकुम (पश्चिम)**

## कम्पनीको ठेगाना र संञ्चालक परिवर्तन सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति, २०८०। ०५। ०१**

**यस निर्भाणा एकेडेमी प्रा. लि (Nirvana Academy Pvt. Ltd.) को सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८०।०४।२८ मा स्वीकृति प्राप्त भए अनुरुप हाल का.म.न.पा. वडा. नं. १५ स्वयम्भुमा रहेको कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना स्थानान्तरण गरी नागार्जुन नगरपालिका-५, काठमाण्डौमा लैजाने भएको र यस कम्पनीको सञ्चालक निरा सिंह तुलाधरको स्वर्गारोहण भएकोले निजको १०००० थान शेयर का.म.न.पा.-१६ बस्ने श्री प्रतिक रत्न तुलाधर (न.प्र.नं. २७१०६० । ३६१३) लाई हस्तान्तरण गरी मिति २०८०।०४।२८ मा कम्पनी रजिष्टर्ड कार्यालयबाट नयाँ संञ्चालक कायम गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ।**


## Royal Kathmandu Himalaya Beverage Pvt.Ltd.
Banepa -13, Kavre

### Price List 2080/81

Vat no.304502613
Excise no. 304502613-69-50955

| S.N. | Brand Name | Packaging | Stockist Price | Margin | Dealer Price | Margin | W/S Price | Margin | Retai Price | Margin | Customer Price | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Big Master SYRAH/CHENIN BLANC | 12*750ml | 12,703.91 | 952.79 | 13,656.70 | 887.69 | 14,544.39 | 727.22 | 15,271.61 | 1,528.39 | 16,800 | 1400.00 |

उपरोक्त दररेट मिति २०८०/०५/०१ गते देखि आथिक बर्ष २०८०/८१ को लागि अर्को सूचना प्रकाशित नभए सम्मको लागि लागु हुने सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उपरोक्त दर रेटमा मु.अ.कर समेत समावेश छ। उल्लेखित मुल्यमा आवश्यक परि आएको खण्डमा व्यापारीक एवम अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चमा सोधभर्ना उपलब्ध गराउन सकिने छ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### श्रमिकको तलब बढ्नु स्वागतयोग्य

सरकारले श्रमिकको तलब बढाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले साउन १ बाट लागू हुनेगरी श्रमिकको न्यूनतम तलब बढाएर मासिक १७ हजार ३०० पुऱ्याएको हो । मन्त्रालयको निर्णय राजपत्रमासमेत प्रकाशित भएको छ । यसअघि आधारभूत पारिश्रमिक नौ हजार ३८५ र महँगी भत्ता पाँच हजार ६१५ रूपैयाँ रहेको थियो । बढेको तलब स्केलअनुसार आधारभूत पारिश्रमिक १० हजार ८२० र महँगी भत्ता छ हजार ४८० रूपैयाँ रहेको छ । मन्त्रालयका अनुसार अब श्रमिकको दैनिक पारिश्रमिक ६६८ रूपैयाँ पुगेको छ । यसअघि यो रकम ५७७ रूपैयाँ रहेको थियो ।

यस पारिश्रमिकका अतिरिक्त श्रमिकले सामाजिक सुरक्षा ऐनले तोकेका सुविधाहरू, श्रम सम्झौता, नियुक्तिपत्र, सञ्चयकोष तथा उपदान अनिवार्य रूपमा पाउने व्यवस्थासमेत रहेको छ । स्थानीय तहले समेत अब यो सूचनामा तोकिएको भन्दा कम नहुने गरी न्यूनतम पारिश्रमिक तोक्नुपर्ने भएको छ । यो रकम भन्दा न्यूनतम हुने गरी अब पारिश्रमिक तोकेर रोजगार सम्झौता गर्न नपाइने मन्त्रालयले जनाएको छ ।

पछिल्लो समय महँगी बढेको बढ्यै छ । तरकारीको भाउ छोइसक्नु छैन । चामलको भाउ बढेको बढ्यै छ । नुनतेलदेखि दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले श्रमिकको ढाड सेकिएको अवस्थामा सरकाले केही राहत हुनेगरी श्रमिकको तलब बढाएको स्वागतयोग्य हो । तर, यो स्केलले महँगीको भार भने थेग्न सक्ने अवस्था देखिन्न । यसका लागि सबैभन्दा पहिले त सरकारले महँगी नियन्त्रणमा विशेष ध्यान दिनुपर्छ । कुनैबेला कालोबजारीका नामले चर्चा कमाएकोमा व्यापारीले अहिले विभिन्न बाहना बनाएर चर्काउछन् । कहिले युक्रेन रसिया युद्ध देखाएर त कहिले गोलभेडा सडकमा फालेर व्यापारीले भाउ बढाउँछन् । अहिले भारतबाट बासमती चामल प्रतिबन्धको नाममा भाउ बढाउँदै छन् । जबकि, धान निर्यातमा भारतले प्रतिबन्ध लगाएको छैन । यस्तो अवस्थामा कालोबजारी बढ्दा सरकार भने तमासा हेरेर बस्नुसिवाय सिन्को भाँच्ने काम गरेको छैन ।

जसरी 'कमाउनु ठूलो हैन, जोगाउनु महत्त्वपूर्ण' भन्ने उक्ति छ, त्यसैगरी श्रमिकलाई काम गरेपछि केही कमाई जोगाउने वातावरण बनाउनु भनेको महँगी नियन्त्रण गर्नु हो । त्यसैले महँगी भत्ता बढाएर हैन, महँगीलाई नियन्त्रण गरेर सरकारले श्रमिकको तलब बढाउनुपर्छ । यसो गर्न सकेमा सरकार साँच्चै श्रमिकको हकहितमा काम गर्दछ भन्ने पुष्टिसमेत हुनेछ ।

## मनन्योग्य

### चाणक्य नीति

यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्- 'तपाईंहरू नै जान्नोस, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिदैछु अब यसको संरक्षक तपाईं हुनुहोस् ।'

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे । चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो । यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !'

यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के विग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ?

'शत्रु जीवित भएमा धेरै विग्रिन सक्छ । महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले बन्दी हुनुपर्ने थिएन ।

तर गुरुदेव ! असमन्जस हुँदै चन्द्रगुप्तले भने ।

तर के ? मोह भरिएर आएजस्तो छ बाबुको, यो मोहमा आफ्नो उद्देश्य के हो, बिर्सियौ ? अलिक रोपयुक्त स्वरमा चाणक्यले भने ।

धधचन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए ।

चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।


सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुंगाजस्तो पार्नुपर्छ ।

मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् ।

चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ । क्रमशः

# देशका लागि अहिले नसोचे कहिले ?



▶▶ आरके बस्नेत

नेपाल आफैंमा संग्रहालय हो । यो हावापानी, हिमाल, पहाड तराई सांस्कृतिक विविधताले भरिपूर्ण सानो देश हो । यसलाई जगेर्ना गर्नु गराउनेभन्दा पनि विदेशीले आफ्नो हितका लागि सोझा साझा नेपालीलाई एकअर्कामा जुधाएर, आफूअनुकूल बनाउन व्यस्त देखिन्छन् । किन यसो गरिरहेका छन् ? नेपालमा राजनीतिक अस्थिरता किन भइरहेको छ ? यस विषयमा हामी स्वाभिमानी नेपालीले गम्भीर भएर सोच्नु र बुझ्नु जरूरी छ ।

मुलुकको वर्तमान राजनीतिक अवस्था दिनदिनै डरलाग्दो छ, अजाडलाग्दो छ तथा भयावह अवस्थामा छ । आजभोलि र अहिले नै के हुन्छ कसैले सोच्न नसक्ने अवस्थामा देश पुगिसकेको छ । यो देश नेपाल कसरी कहाँबाट सञ्चालन भइरहेको छ, कसैलाई अत्तोपत्तो छैन । यस्तो बरबर अवस्थामा देश पुग्दा पनि आमजनता आफ्नै दैनिकी गुजारा कसरी गर्ने भन्ने अवस्थामा मात्रै चिन्तित देखिन्छन् । देशप्रति सोच्नसक्ने, राजनीतिक विश्लेषण गर्न सक्ने बौद्धिक क्षमताको दिनानुदिन ह्रास भइरहेको देखिन्छ । अब यस्तो अवस्थामा आफ्नो आवश्यकता, दैनिकीलाई थाती राखेर देश कुन अवस्थामा गुज्रिरहेको छ, अब भोलि कुन अवस्थामा जाँदै छ, यो सोच्नैपर्ने अवस्था आइसकेको छ । अब बेलैमा देशका युवाहरू जागौं । अब पनि नजागे देशकै अस्तित्व नरहने हो कि भन्ने दिन आइसकेको देखिन्छ ।

हिजोको दिनमा आमूल परिवर्तन गर्छु भनेर राजनीति गर्नेहरू आज कहाँ छन्, कुन अवस्थामा छन् ? उनीहरू अहिले राज्यको सेवा सुविधा सान सौकत साथ तपाईं हामी माझ हिँडिरहेका छन् । तर उनीहरूले जनतालाई देखाएको सपना, परिकल्पना आज जनताका लागि भने सपनाजस्ता मात्र देखिन्छ । जनतालाई ढाटेर सत्तामा पुगेकाहरू आज पनि जनता ढाँटी नै रहेको देखिन्छन् । नक्कली भुटानी शरणार्थी प्रकरण होस् वा ललिता निवास प्रकरण होस्, यी सबै प्रकरणमा ठूला पार्टीका नेता संलग्न रहेको देखिन्छ । जसरी हुन्छ धनी हुनुछ, धाकधम्की दिनुछ । के नेताहरू धनी हुनका लागि मात्र यो व्यवस्था आएको हो ? जनताको अवस्थाचाहिँ दिनानुदिन खस्कँदो छ, आज खाए भोलि के खाऊँ भन्ने अवस्था छ । बाँच्नकै लागि एकले अर्काका लागि झुक्याउने, जालझेल गर्ने, चोर्नुपर्ने, ठग्नुपर्ने, लुट्नुपर्ने अवस्था छ । यति पनि गर्न नजान्ने नेपाली पासपोर्ट बोकेर खाँडीतिर जानैपर्ने अवस्था छ । यो हाम्रो समाजमा देखेका र हामीले भोगेका र अनुभव गरेको कुरा हो । यसमा कुनै नेपालीको दुईमत देखिँदैन

यसै मेसोमा भन्नुपर्दा यतिबेला नेपाली राजनीतिमा पूर्वराजा ज्ञानेन्द्रको चर्चा परिचर्चा दिनानुदिन बढिरहेको छ । उतिबेला दलहरूसँग उनले पाँचबुँदे सहमतिमै आफ्नो पूर्खाको विरासत नेपाली जनतालाई नासोको रूपमा दिए । अब नेपाल जोगाउनका लागि हामी नेपालीहरू आदिकालसम्म नेपाली नै भएर यो देशमा बाँच्नका लागि सम्पूर्ण नेपालीहरू एकजुट भएर त्यो नासोलाई पूर्वराजालाई नै फिर्ता गर्नुपर्ने दिन आइसकेको छ । यदि यसमा हामीले विलम्ब गऱ्यौं भने हाम्रो हातमा नेपाली नागरिकता, नेपाली पासपोर्ट, स्वाभिमान र नेपालीपन नै गुम्ने अवस्था आइरहेको देखिन्छ ।

जुनबेला विदेशीको लहलहैमा, उक्साहाटमा विदेशी लगानीमा, चोर बाटोबाट धोकाधारी तरिकाले गणतन्त्र ल्याए र निर्दोष राजालाई विभिन्न दोष लगाई जसरी श्रीपेज खोसियो । अब हामी सच्चा न्यायप्रेमी नेपालीले श्रीपेज फिर्ता गराउन विभिन्न तरिकाबाट संगठित हुनुपर्ने अवस्थामा छ, अघि बढ्नुपर्ने अवस्था छ र जब जनस्तरबाटै राजालाई श्रीपेज, पहिराउदैनौं, तबसम्म नेपाल र नेपाली र हाम्रो भावी सन्ततीलाई शान्ति हुने छैन । त्यसैले राजसंस्था पुनर्वहालीका लागि सम्पूर्ण नेपाली जाग्नुपर्छ ।

त्यसो त पूर्वराजाको हैसियतमा भए पनि उनलाई भारत, चीन अमेरिका, थाइल्याण्ड लगायतका देशमा जाँदा पनि पहिलाजस्तै राजकीय सम्मान दिइरहेको हामी पाउँछौं । राजसंस्थाको छत्र छहारीमा मात्र नेपाल र नेपालीको भविष्य छ । राजा भनेको नेपालीको शान हो, हाम्रो मान हो । जसरी राजा अन्तर्राष्ट्रिय भ्रमणमा होस् वा स्वदेशमै होस्, जहाँ-जहाँ राजा पुग्छन्, त्यहाँ त्यहाँ आज पनि पहिलेजसरी राजकीय सम्मान पाइरहँदा हाम्रो जिउमा हर्षको काँडा उम्रिन्छ । जहाँ राजाले सम्मान पाउँछन् त्यहाँ हामी पनि सम्मानित भएको गर्विलो अनुभूति गर्छौं । गरिरहेका छौं । त्यसैले नेपालमा गणतन्त्रको अन्त्य गरी राजसंस्थाको पुनःवहाली अत्यन्त जरुरी छ । यो सबै देशभक्तहरूको आवाज हो ।

यसै सिलसिलामा यतिबेला हिन्दू धर्म र राजसंस्थालाई प्रमुख एजेण्डाको रूपमा लिएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) प्रति जनआकर्षण छ । राप्रपामा प्रवेश गर्नेको लहर छ । यतिमात्र होइन राप्रपाले ४० वर्षमुनिका युवा र महिलालाई संगठित गर्ने उद्देश्यले 'नवीन राप्रपा' अभियान सञ्चालन गरेको छ । यसले सबै तहमा रहेका राप्रपाका नेता कार्यकर्तामा उत्साह छाएको छ । यो अभियान चलिरहनेछ । राप्रपाले दुई लाख सक्रिय सदस्य बनाउँदै छ । यो झन् राम्रो पक्ष हो । यो अभियान घोषणापछि देशव्यापी रूपमा राप्रपामा प्रवेश गर्नेको लहर चलिरहेको छ । देशभर हलचल मच्चिरहेको छ ।

राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देन किराँत धर्म गुरु फाल्गुनन्द लिङदेनका सन्तान हुन् । उनको व्यक्तित्व शालिन, सरल र जुनसुकै परिस्थितिमा पनि सहजरूपमा अघि बढ्न सक्ने क्षमतावान छन् । उनी आमनेपालीजस्तै सरल र साधारण जीवनशैलीमा जिउनसक्ने व्यक्तित्व भएकै कारण आमनेपालीहरूले उनलाई रुचाइरहेका छन् । रुचाइ रहिरहनेछन् । उनको यही व्यक्तित्वको कारण राप्रपा आज यो उचाईसम्म आइपुगेको हो ।

आज महँगी जनताले धान्नै नसक्ने गरेर बढिरहेको छ । जसअनुसार सहरका हरेक पसलहरूमा व्यापार नभएर दिनानुदिन सटरहरू बन्द भइरहेका छन् । जनतामा क्रय शक्तिको ह्रास आएर व्यापारमा मन्दी आएको देखिन्छ । यो अवस्थामा सर्वसाधारण जनताले नुन तेल खाद्यान्नबाहेक अरु किन्नका लागि सोच्नसम्म नसक्ने अवस्था आइरहेको छ । एकातिर सहरमा व्यापारी घरभाडा तिर्न नसक्ने अवस्थामा छन् भने जनता पनि किन्नै नसक्ने अवस्थामा छन् । त्यसो त अव्यावहारिक रूपमा भइरहेको महँगीमा समेत सरकारी निकाय भने मौन देखिन्छन् । देश बनाउछु, जनतालाई राहत दिन्छु भनेर सत्तामा पुगेकाहरू भ्रष्टाचारमा मस्त भए, मस्त देखिन्छन् । सहकारीहरूले पनि ठगी गरिरहेका छन् । सहकारीमा जनताले आफू नखाई-नखाई गरेर जम्मा गरेको सम्पत्तिसमेत फिर्ता नपाइरहेको अवस्था छ ।

अर्कोतिर मिटरब्याजी पीडितहरू माइतीघर मण्डलमा सरकारसँग न्याय मागिरहेका छन् । के यस्तै क्रियाकलाप गर्ने माथि छुट दिन गणतन्त्र आएको हो ? पीडितहरूले जतिसक्दो चाडो न्याय पाउनु पर्छ । आफ्नो घरवासमा बस्न पाउने अवस्थाको सरकारले नै सृजना गरिदिनु पर्छ ।

नेपालमा हाल देखा परिरहेका तमाम समस्याहरूको एउटै मात्र सूत्र भनेको गणतन्त्र हो । यो गणतन्त्र विदेशी लगानीबाट मलजल गरेर आएको 'तन्त्र' को अन्त्य नै नेपालीहरूले भोगिरहेको समस्याको समाधान हो । अब सम्पूर्ण नेपालीहरू एक भएर छिटोभन्दा छिटो गणतन्त्रको अन्त्य गरौं ।

त्यसो त नेपाल आफैंमा संग्रहालय हो । यो हावापानी, हिमाल, पहाड तराई सांस्कृतिक विविधताले भरिपूर्ण सानो देश हो । यसलाई जगेर्ना गर्नु गराउनेभन्दा पनि विदेशीले आफ्नो हितका लागि सोझा साझा नेपालीलाई एकअर्कामा जुधाएर, आफूअनुकूल बनाउन व्यस्त देखिन्छन् । किन यसो गरिरहेका छन् ? नेपालमा राजनीतिक अस्थिरता किन भइरहेको छ ? यस विषयमा हामी स्वाभिमानी नेपालीले गम्भीर भएर सोच्नु र बुझ्नु जरुरी छ । हामीसँग भएका अथाह युरेनियम, लिथियम, कपरलगायत धातुहरू विदेशीले आफ्नो बनाउन लालायित छन् । सबैभन्दा पहिलो यो बुझ्नुपर्ने विषय हो ।

हामीलाई देशको माया छ, जनताको माया छ, जनता जुन बाटो चाहन्छन् हामी त्यसै गरी हिँडिरहेका छौं । यो देश सबैको साझा हो । यहाँ सबैले शान्तिपूर्ण राजनीति गर्न पाउनुपर्छ । त्यसो त राजसंस्थाविना नेपालको कल्पना नै गर्न सकिँदैन । हिजो कस्तो अवस्था थियो र आज कस्तो अवस्था छ, यो निष्पक्ष भएर सोचौं, निष्पक्ष भएर बुझौं ।

जसरी तपाईं हामीले विभिन्न राजनीतिक घटनाक्रमहरू भोग्दै आयौं । यी भोगाइहरूलाई साँच्चै छातीमा हात राखेर ठण्डा दिमागले सोचौं । के गणतन्त्र तपाईं हामी, हाम्रो परिवार, हाम्रो भावी सन्तती, राष्ट्र राष्ट्रियताका लागि फलदायी रहेछ त ? खासगरी हिजो राजसंस्था हुँदा र अहिले गणतन्त्र हुँदा कहाँ कति प्रतिशत विकास भयो ?

गणतन्त्रवादीहरूले ल्याएको बजेट हेरेर अहिलेको अवस्थाबारे प्रस्ट हुन्छ । यस वर्षको बजेट व्यापारीहरूलाई झन् धनी बनाउने अभिप्रायमा आएको देखिन्छ । यो बजेट पहिलाकै निरन्तरता हो । गरिब जनतालाई राहत दिन बजेटमा नयाँ केही छैन । शिक्षा, स्वास्थ्य क्षेत्रमा पनि नयाँ बजेट छैन । बरु बढ्दो छ । त्यसैले वर्तमान गण्तन्त्रवादीहरू हरेक क्षेत्रमा असफल भइरहेको पुष्टि हुन्छ ।

*(लेखक राप्रपाका आमन्त्रित केन्द्रीय सदस्य हुन्)*

## पत्र-मञ्जुषा

### स्वास्थ्य क्षेत्रको बेथिति हटाउन बेवास्ता

स्वास्थ्य मानिसको अति संवेदनशील विषय हो । तर, पछिल्लो समय अस्पतालहरूमा चरम लापरवाही देखिन थालेको छ । स्वास्थ्यकर्मीहरू बिरामीप्रति जिम्मेवार नहुँदा आमनागरिकले अस्पतालप्रति विश्वास गर्न छाडिसकेका छन् । बिरामीहरू अस्पताल जान नै डराउनुपर्ने अवस्था सिर्जना भएको छ । बिरामीलाई त्रासमा पार्नेचाहिँ डाक्टर र नर्स नै हुन् । सरकारी होस् या निजी अस्पताल, लापरवाहीको ठेगान छैन । स्वास्थ्यकर्मीका कारण बिरामीहरूले अकालमा ज्यान गुमाउनुपरेको छ । पत्थरीको अपरेसन गर्नुपर्ने बिरामीको कलेजो काटिदिएपछि मुलुकको एउटा नामी अस्पतालमा पूरै तोडफोड भएको थियो । हालैमात्र घटेको एउटा जल्दोबल्दो घटना हो यो ।

त्यस्तै, केही समयअघि चिकित्सकले म्याद गुज्रिएको औषधि दिँदा बिरामीको ज्यान नै गएको थियो । चिकित्सकहरूले बिरामीको ज्यानलाई हलुका रूपमा लिन थालेका छन् । एउटा रोग लागेकोलाई अर्को औषधि दिने, अपरेसनमासमेत लापरवाही देखाउनेजस्ता कार्य भइरहेका छन् । अपरेसन गर्न सहयोग भएको सामान बिरामीको शरीरभित्रै छोडिदिन्छन् । अनि यस्तो अवस्थामा कसरी अस्पताल जाने ? वास्तवमै भन्ने हो भने सरकारले नै चिकित्सक र नर्सलाई 'मान्छे मार्ने अधिकार' दिएको छ । सामान्य रोग लागेको बिरामी चिकित्सक र नर्स गैरजिम्मेवार हुँदा मरिरहेका छन् ।

तर, ती चिकित्सकलाई कारबाही गरिँदैन । उल्टै पीडामा परेका पीडितलाई चाहिँ थप पीडा दिइन्छ । यतिखेर आएर सरकारले चिकित्सक र नर्सलाई मान्छे मार्न लाइसेन्स दिएजस्तो भएको छ । लापरवाही गर्ने चिकित्सक र नर्सको विरोधमा बोल्यो भने पनि काम तमाम हुन्छ । पीडित गएर पाँच वर्ष जेल र पाँच लाख रूपैयाँ जरिवाना तिर्नुपर्छ । जो पीडामा छ, उसैलाई सजाय दिने कस्तो कानुन हो यो ? चिकित्सकहरूको संघको दबाबमा आएर कोरोनाकालमा सरकारले यो कानुन बनाएको हो । डाक्टरहरूको लापरवाहीले आफ्नो आफन्त मरे पनि निरीह भएर सहेर बस्नुपर्ने कानुन सरकारले बनायो ।

आफ्नो पेसासँग ख्यालख्याल गर्ने चिकित्सकलाई त झनै फाइदा भो । आफ्नो कारणले बिरामीको ज्यान गए पनि कसैले हात लगाउन सक्दैन । कानुनले छुँदैन । जनता मार्ने स्वास्थ्यकर्मीलाई संरक्षण गर्ने यो कानुन तत्काल संशोधन गर्न आवश्यक देखिएको छ । जनताबाट चुनिएर सांसद बनेकाहरूले पनि यस कानुनको विरोधमा सदनमा आवाज उठाउनुपर्ने देखिएको छ । किनकि लापरवाही र गैरजिम्मेवारीपनले सीमा नाघेको छ । जनता अकालमा मरिरहेका छन् तर पीडितहरूले चुइक्क आवाज खसाल्नसमेत पाउँदैनन् । चिकित्सकहरूले मान्छेलाई खसीबोकाभन्दा पनि हलुका रूपमा लिएका छन् ।

प्रायःजस्तो अस्पतालमा सिकारु चिकित्सक छन् । हिँडेरै अस्पताल पुगेका बिरामी उनीहरूकै कारण थलो पर्छन् । डाक्टरहरूले राम्ररी चेकजाँच गर्न छोडिसकेका छन् । साँच्चै नै भन्ने हो भने उनीहरूले आफ्नो पेसालाई मजाक बनाएका छन् । मरेनि बिरामी मर्ने त हुन्, हामी के ? भनेजस्तो व्यवहार देखाउन थालेका छन् । मनलाग्दी औषधि दिने, नलागेको रोग पनि लागेको छ भनेर बिरामीको श्री सम्पत्ति स्वाहा पारिदिनेलगायतका काम पनि उनीहरूले गरिरहेका छन् । बिरामीलाई साह्रै गाह्रो भइसकेको हुन्छ तर चिकित्सकहरू आफ्नै गफमा व्यस्त हुन्छन् ।

कोही मोबाइल खेलाएर बसिरहेका हुन्छन् त कोही एकापसमा जिस्किएर । डाक्टर र नर्सको बिरामीप्रति व्यवहार एकरति पनि राम्रो छैन । रुखो बोलीवचन गर्ने, बिरामीले सोध्दा जवाफ नदिने, झर्किलो रबैया देखाउने, रिसाउनेलगायतका अनैतिक कार्य उनीहरूले गरिरहेका हुन्छन् । अस्पतालमा २४सै घण्टा चिकित्सक हुनुपर्छ । बिरामी त जतिबेला पनि हुन सक्छ । तर, सरकारी अस्पतालमा त्यस्तो छैन । अस्पताल आउने, हाजिर गर्ने अनि निजी क्लिनिकतिर कुलेलाम ठोक्ने । आफ्नो समयसम्म कहिल्यै पनि अस्पतालमा भेटिँदैनन्, चिकित्सक । जनताले तिरेको करबाट तलबभत्ता खान्छन् । तर, त्यही जनताप्रति उनीहरू जिम्मेवार छैनन् । यस्तो लापारवाही कहिलेसम्म ?

*– सम्झना खत्री, कीर्तिपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**लाखे नाच** | स्थानीय नेवार समुदायले बिहीबार बागलुङ बजारमा निकालेको लाखे नाच ।

*तस्बिर: रामबहादुर थापा/रासस*

### कैदीबन्दी मृत्यु प्रकरण

# ‘प्रहरी र चौकीदारसहितका कैदीको संलग्नता देखियो’

**किमाथांका (संखुवासभा)–** संखुवासभास्थित जिल्ला कारागारभित्र दुई कैदीको हत्या प्रकरणमा छानबिन गर्न गठित समितिले उक्त घटनामा प्रहरी र केही कैदीको संलग्नता देखिएको जनाएको छ । छानबिन समितिका संयोजक तथा कारागार व्यवस्थापन विभागका निर्देशक कमलप्रसाद पाण्डेले सो जानकारी दिएका हुन् ।

यही साउन २४ गते बिहान भएको सो घटनापछि गृहमन्त्रालयअन्तर्गत कारागार विभागका निर्देशक पाण्डेको नेतृत्वमा बनेको पाँच सदस्यीय अनुसन्धान टोली बनेको थियो । उक्त टोली गत शुक्रबार संखुवासभा आएको थियो । कारागारमा रहेका ‘सिसिटिभी फुटेज’को अध्ययन गर्दा घटनामा प्रहरी र चौकीदारसहित केही कैदीको संलग्नता देखिएको उनले जानकारी दिए । कुटपिटमा कारागारको सुरक्षामा खटिएका केही प्रहरी र सात कैदीकोसमेत प्रत्यक्ष संलग्नता देखिएको संयोजक पाण्डेले बताए ।

अनुसन्धानपछि केन्द्रीय छानबिन समितिले आज (शुक्रबार) उक्त घटनाको प्रतिवेदन गृह मन्त्रालयमा बुझाउने तयारी गरेको संयोजक पाण्डेले बताए । उनका अनुसार घटनामा कारागार सुरक्षा इञ्चार्ज प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरीसहित केही प्रहरी र सात कैदीको संलग्नता देखिएको छ ।

मृत्यु प्रकरणमा मुछिएका इञ्चार्ज चौधरीसहित सबैमाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ । चौधरीलाई आइतबार पक्राउ गरी अनुसन्धान थालिएको थियो ।

चौधरीलाई पाँच दिन म्याद थप गरी अनुसन्धान थालिएको छ भने कारागारका निमित्त प्रमुख राजेन्द्र घिमिरेविरुद्ध जिल्ला अदालत संखुवासभाले पक्राउ अनुमति जारी गरेको छ । प्रहरीले कारागारका निमित्त प्रमुख घिमिरेलाई भने पक्राउ गरिसकेको छैन ।

घटनाको छानबिन टोलीमा प्रहरी नायब उपरीक्षक कौशल बुढाथोकी, अनुसन्धान अधिकृत कुमार बुढाथोकी, कानुन अधिकृत तुलबहादुर खड्का र जिल्ला प्रशासन कार्यालयका अधिकृत भोगेन्द्र श्रेष्ठ रहेका छन् । घटनालगत्तै अनुसन्धानका लागि उक्त टोली गत शुक्रबार संखुवासभा आएको थियो ।

घटनाबारे अनुसन्धान गर्न राष्ट्रिय मानवअधिकार आयोग कोशी प्रदेशका प्रमुख उपसचिव पवनकुमार भट्ट, मानवअधिकार अधिकृत चिरञ्जीवि कोइराला र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कोशी प्रदेश प्रमुख सोम थापासहित तीन जनाको टोली पनि संखुवासभा आएको थियो । पच्चिस जनाको क्षमता रहेको कारागारमा अहिले १३६ कैदीबन्दी छन् । *रासस*

# बाढीको उच्च जोखिममा चुरेफेदीको बेलडाँडी गाउँ

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका–८ का कलकबहादुर डगौरा चुरे नजिकको बेलडाँडी गाउँमा बस्दै आएको छ दशक बित्नै लागेको छ । विगतमा चुरे पहाडमा वर्षा हुँदा खोलामा बाढी आउथ्यो र घरसम्म पुग्दैनथ्यो । खोलामै बगेर जान्थ्यो । बस्तीमा कुनै हानि नोक्सानी हुँदैन्थ्यो ।

तीन दिनअघि अनौखी खोलाको बाढी उनको घरसम्मै पुग्यो । पहिलोपटक बालुवा, ढुंगा, गिट्टी ल्याएर उनले रोपेको धान पूरै पुरिदियो । ‘बाढीको समस्या पहिलोपटक नै देखियो,’ उनले भने, ‘खोलाको बाढीको पानीले पूरै खेतमा रोपेको धान सोत्तर बनाइदिएको छ, धान किनेर भात खानुपर्ने अवस्था ल्यायो ।’

खोलाले उनको मात्रै धानबालीमा क्षति गरेको छैन । गाउँका अन्य सात परिवारले लगाएको धानबालीमा व्यापक क्षति पुऱ्याएको छ । खोला र किसानले खेती गर्ने जग्गाको सतह बराबरीमा पुगेको छ । चुरे क्षेत्रका पहाड र नजिकैका वनमा निरन्तररूपमा पहिरो जान थालेपछि यो समस्या आएको स्थानीय रामसिंह चौधरीले बताए ।

खोलाको बहाव क्षेत्रको गहिराइमा निकै कमी आएपछि बाढीजन्य प्रकोपको समस्याले सताउन थालेको उनको भनाइ छ । चुरे क्षेत्रमा सडक खन्ने, बस्ती बस्ने, अनियन्त्रितरूपमा नदीजन्य पदार्थ उत्खनन् गर्ने र वन विनास हुनेक्रम बढ्दोरूपमा हुन थालेपछि बाढीको समस्या फेदीका गाउँमा देखिन थालेको चौधरीले बताए ।

‘वर्षात्का बेला चुरे क्षेत्रमा थोरै वर्षा हुँदा बाढीको समस्या झेल्दै आएका छौं,’ स्थानीय पतिराम चौधरीले भने, ‘अरुबेला हात्ती, बँदेललगायतका जनावरले लगाएको बाली खाएर नोक्सानी गर्दै आएका छन् ।’ गाउँ नै छाडेर अन्यत्र जानुपर्ने अवस्था सिर्जना भएको उनले दुःखेसो पोखे । बाढीको समस्या झेल्दै आएकी बेलडाँडीकी विमला चौधरीको परिवारले चुरे क्षेत्रमा वर्षा हुँदा घर नै छाड्नुपर्ने अवस्था रहेको छ ।

‘बाढी घरसम्म नै आइपुग्छ, लगाएको धानबाली पूरै खोलाको बाढीले पटान गरी पुरिदिएको छ,’ विमलाले भने, ‘अरु वर्ष खेतसम्म बाढी पुग्थ्यो, हाल घर नै डुबान पर्ने गरी बाढीको पानी आउन थालेको छ, बालबालिका र घरका बुढापाकालाई सुरक्षित गर्नका लागि नजिकैको अमरपुर गाउँमा बस्दै आएका छौं ।’

घरमा एक जना कुरुवा राखेर अरु परिवारका सदस्य अमरपुरमा डेरा लिएर बस्दै आएको उनले बताए । खोला नियन्त्रणका लागि नगरपालिका कार्यालय पुगे पनि अश्वासनबाहेक केही हुन नसकेको बेलडाँडी गाउँका बासिन्दाको भनाइ छ । ‘बजेटको समस्या देखाएर टार्ने गरिएको छ,’ स्थानीय कालुराम चौधरीले भने, ‘खोलाको धार परिवर्तन गर्न पाए पनि बाढी घरसम्म पुग्दैनथ्यो, त्यो पनि हुन सकेको छैन ।’

खोलाजन्य पदार्थ वैज्ञानिक तरिकाले हटाए पनि बाढीको समस्या समाधान हुने स्थानीयको भनाइ छ । बेलडाँडी गाउँ चारैतिर खोला र नदीले घेरिएको छ । बर्सेनि यस गाउँमा वनहरा नदी, अनौखी खोला र अन्य खहरे खोलाले कटान तथा पटानको समस्या ल्याउने गरेका छन् । खोला र नदीकै कारण गाउँ नै खतरामा परेको गाउँका बासिन्दाको बुझाइ छ ।

तीन दिनअघि आएको बाढीले स्थानीयको खेतमा मात्रै नोक्सानी नगरेर नजिकको धार्मिक क्षेत्र झम्केपानीमा जग्गा कटानीको काम तीव्र बनाएको छ । गाउँमा पानी ल्याउन बनाइएको बाँधमा पनि क्षति गरेको छ । गाउँमा ३०० भन्दा बढी परिवारको बसोबास रहेको छ । *रासस*

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**
**को**

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः भाद्र १, २०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पूर्ण शेयर धनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८० ।
समय : बिहानको ७:०० बजे ।
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा ।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
६) विविध ।

PRABHU CABLE CAR & TOURISM LIMITED

संचालक समिति
**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०५/०१**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ६, तेलपारामा घाटगद्दी गरी राखिएको लट नं. १ को साल गोलिया थान २३७ को १५६३.३५ क्यु.फिट काठ, लट नं. २ को अस्ना गोलिया थान ३८ को ५०३.१२ क्यु. फिट काठ र लट नं. ३ को खोटे सल्ला गोलिया थान २२ को १९६.२२ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री त्रिशुल हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**जोरायल गा.पा. ६, तेलपारा, डोटी**
**अध्यक्ष**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED PATH INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT. No.291109 | चलानी नं. ६०२०६३०६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Confectionery Maker | 2 | 0 | 1200 | ४२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८० भदौ १ देखि ८ गते (18-25 Aug. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHISHABI RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मितिः २०८०/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३२ | LT. No.289330 | चलानी नं. ६०२०४६९७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Restaurant Labour | 4 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FERUNI CERAMICHE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३२ | LT. No. 281912 | चलानी नं. ६०१९७३९५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ८ गते (25th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३१ | LT. No. 274664 | चलानी नं. ६०१९०३२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cleaning Worker | 2 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ७ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 274664 मितिः २०८०/०४/३२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPECTION CORROSION ENGINEERING SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/०४/30 | LT. No. :291046 | चलानी नं.६०२०६१३५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Technician | 25 | 0 | 1200 | ४४,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ८ गते (25th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


**Kalika Municipality**
**Office of Municipal Executive**
Redcrossgram, Chitwan
Bagmati Province

## INVITATION FOR SEALED QUOTATION

First date of publication: - 2080-05-01 (18th August, 2023)

1. **Kalika Municipality Office of Municipal Executive** Redcrossgram, Chitwan invites electronic sealed quotation from eligible bidders for **"SUPPLY AND DELIVERY OF MEDICINE AND MEDICAL ITEMS"**, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 03/Goods/SQ/KM/080/081 | SUPPLY AND DELIVERY OF MEDICINE AND MEDICAL ITEMS | 75 days from the date of Bid opening | 55,000.00 | 1,000.00 |

**Last Date of Sealed Quotation Submission Date**: Before 12 PM on 2080-05-17 (3rd September, 2023).
Sealed Quotation Opening Date: At 13:00 PM on 2080-05-17 (3rd September, 2023).
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO e-GP **systemwww.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, ०१ भदौ २०८० (Friday, August 18, 2023)


## रूपशाला

### विक्रमजंगले ल्याए 'गर्लफ्रेन्ड छोडें मैले'



नेपाली कला क्षेत्रमा निर्माता, गायक तथा अभिनेताको रूपमा सक्रिय विक्रमजंग शाहले नयाँ गीत 'गर्लफ्रेन्ड छोडे मैले' सार्वजनिक गरेका छन् । यज्ञ विकको शब्द र संगीत रहेको गीत गायनमा विक्रमलाई गायिका टिका पुनले साथ दिएकी छिन् । बिनोद बाजुरालीको संगीत संयोजन रहेको गीतको भिडियोमा ब्रेकअपको कन्सेप्ट देखाइएको छ । प्रेमी र प्रेमिका बीच असमझदारी उत्पन्न भएपछि टुंगिने सम्बन्ध देखाएको गीतको भिडियोमा पल शाह, विजय पुन, बिष्णु पुन, यानी पुन लगायतले नृत्य गरेका छन् । गीतको भाव अनुसार नै भिडियो तयार गरिएको गायक विक्रमले बताए ।

# अन्तर्राष्ट्रिय बजारमा गोर्खा वारियर




■ भेषराज कार्की

**काठमाडौं–** चलचित्रबाट देशको संस्कृति, भाषा र साहित्यसँगै पर्यटन क्षेत्रको पनि प्रवर्द्धनमा मद्दत पुग्छ । दर्शकलाई सजिलै पात्र र कथावस्तुको वातावरणसँग जोड्न सक्नु निर्देशकको खुबी हो । पात्रसँग दर्शक 'कनेक्ट' भएपछि त्यसको प्रभाव बाहिर पनि पर्छ । अर्थात् अभिनेता वा अभिनेत्री विविध पहिरन लगाउने, खानेकुरा खाने र समाजमा आफ्नो विचार प्रस्तुत गर्ने काम पनि चलचित्रमा हुने भएकाले यसलाई समयको दस्तावेजको रूपमा समेत बुझ्ने गरिन्छ ।

अहिले निर्माण भइरहेका चलचित्रमा परिस्थितिसँगै वेशभूषा र त्यो समयको पनि चित्रण गरिएको हुन्छ । विदेशमा विगतमा भएका घटनाक्रमलाई लिएर चलचित्र निर्माण गर्ने प्रचलन बढ्दो छ । कुनै समय वा घटनालाई लिएर बनाइने ती चलचित्र त्यो समयलाई अहिलेको पुस्तासम्म पुर्याउनुका साथै इतिहासका लागि दस्तावेजको कामसमेत गर्छ । तर नेपालमा भने त्यस्ता कथामा कमै चलचित्र बन्ने गरेका छन् । सीमित बनेका चलचित्रले दर्शकको साथ नपाएको यथार्थ छ ।

सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरको ऐतिहासिक लडाइँमा आधारित रहेर बनेको चलचित्र 'नालापानी' गत वर्ष प्रदर्शन भयो । निर्माता तथा निर्देशक रिमेश अधिकारीले यो चलचित्रको सार्वजनिक प्रदर्शनको समयमा निर्माणका लागि नौ वर्ष खर्चिएको दाबी गर्नुभएको थियो । तर चलचित्रले न समीक्षा राम्रो पायो, न दर्शक नै । अर्थात् असफल भयो ।

'नालापानी'भन्दा अगाडि प्रदर्शन भएको तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणका क्रममा कीर्तिपुरमा गर्नुभएको आक्रमणलाई लिएर बनाइएको चलचित्र 'कीर्तिपुरः द लिजेन्ड अफ कीर्तिलक्ष्मी' पनि सफल हुन सकेन ।

विसं २०५४ मा निर्देशक किशोर रानामगरले लिगलिगका मगर राजाले छिमेकी राजासँग गरेको लडाइँमा आधारित रहेर चलचित्र 'सीमारेखा' निर्माण गर्नुभएको थियो । यसले भने व्यावसायिक सफलतासमेत पाएको थियो । त्यसयता भने लामो समय ऐतिहासिक कथालाई पर्दामा ल्याउने आँट नेपाली निर्माता तथा निर्देशकले गरेका थिएनन् । तर पछिल्लो समय यो क्रम बढेता पनि लगातार असफलता प्राप्त भइरहेको छ ।

त्यसो त नेपालमा अहिले कथालाई दर्शकसम्म पुर्याउन कलाकारको साथ आवश्यक देखिने गरेको छ । स्थापित निर्देशक नै कलात्मक चलचित्रमा समेत परिचित अनुहार नै रोज्ने गर्दछन् । अर्थात् अभिनय क्षमतासँगै बजारको माग पनि कारण बन्ने गरेका छन् ।

परिचित अनुहारलाई अभिनय गराउँदा प्रचार-प्रसारमा सहयोग पुग्ने निर्देशक ज्ञानेन्द्र देउजाले बताए । 'हामीलाई चाहिने पात्र सुहाउँदो कलाकार हो । यद्यपि कहिलेकाहीँ बजारले समेत हामीलाई निर्देशन गर्छ,' निर्देशक देउजाले भने । ऐतिहासिक घटनाक्रममा चलचित्र निर्माण कमी हुनुमा लगानीकर्ता र त्यसलाई प्रस्तुत गर्न चाहिने बजेट र चलचित्रको बजारलाई उनले कारक देखेका रहेछन् । उनले कृतिमा आधारित चलचित्र 'मुना मदन' र 'झिंगेदाउ' निर्देशन गरेका छन् ।

नेपालमा कृति र ऐतिहासिक घटनाक्रमबाट चलचित्र बन्नेक्रम विस्तारै बढे पनि त्यस्ता चलचित्रले व्यावसायिक सफलता नपाउँदा सोचेजस्तो संख्यामा बन्न सकेको छैन । साथै बितेको समयलाई पर्दामा देखाउन सहज नरहेको निर्देशक मिलन चाम्सले बताए । गोर्खालीको वीरगाथालाई पर्दामा ल्याउन उनले केही समययता सङ्घर्ष गरिरहेका छन् ।

उनको निर्माण तथा निर्देशन रहेको 'गोर्खा वारियर' तयार भइरहेको छ । 'छायांकनमै तीन वर्षभन्दा बढी समय खर्चिएँ । प्राविधिक कार्यका लागि नेपालदेखि भारतसम्मका प्राविधिको प्रयोग गरेको छु,' उनले भने ।

आफैँ पूर्वगोर्खा सैनिक रहेका निर्देशक चाम्सले १० वर्ष अगाडिदेखि नै गोर्खालीको वीरताको कथालाई पर्दामा उतार्ने प्रयास गरिरहेका छन् । चलचित्रमा गोर्खालीले लडेको 'मलाया युद्ध'लाई देखाइएको छ । गोर्खाली सैनिक जंगल युद्धमा अन्यभन्दा राम्रो मानिने भएकाले पनि यो कथा रोजेको उनले जानकारी दिए । 'व्यावसायिक चलचित्रमा लगानी गर्ने जति पनि पाइन्छ तर जोखिमयुक्त ऐतिहासिक विषयमा लगानी गर्ने लगानीकर्ता पाउन गाह्रो छ । त्यसैले यस विषयमा सम्बन्धित सङ्घसंस्थासँगै राज्यले समेत सोच्नुपर्छ,' उनले भने ।

उनले गोर्खालीको वीरताको गाथामा चलचित्र बनेको विश्वलाई जानकारी दिने उद्देश्यले बेलायतको लन्डनस्थित लिसेस्ट स्क्वायरमा रहेको आइम्याक्स प्रविधि जडित चलचित्र भवन सिनेवर्ल्डमा 'गोर्खा वारियर'को विश्वमै पहिलोपटक विशेष प्रदर्शनी (वर्ल्ड प्रिमियर) गर्दै छन् । भदौ २४ अर्थात् १० सेप्टेम्बरमा हुने प्रदर्शनीमार्फत विश्वभर नेपाली चलचित्र र वीरताको गाथा गुञ्जिने विश्वास उनको छ । सो अवसरमा बेलायती सेनाको 'द ब्यान्ड अफ द ब्रिगेड अफ गुर्खाज' ले प्रस्तुति दिने तय भएको निर्देशक चाम्सले जानकारी दिए ।

'पूर्व सैनिक भएकाले पनि यो मेरो लागि चलचित्रमात्र होइन । सेनाको ब्यान्डले पहिलोपटक चलचित्रको प्रिमियरमा प्रस्तुति दिँदैछन् । यो सब गोर्खालीको वीरताले प्राप्त गरेको सम्मान हो,' निर्देशक चाम्सले भने । सो चलचित्र भवनमा भव्यरूपमा हुने प्रदर्शनीले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियकरण गर्नमा मद्दत पुग्ने विश्वास उनको छ । *रासस*

# 'गाईजात्रा'को तयारीमा कलाकार




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'गाईजात्रा'लाई हाँस्य कलाकारले भव्यरूपमा मनाउने गर्छन् । सो दिन समाजमा देखिएको विकृतिलाई उनीहरूले आफ्नो प्रहसनमार्फत प्रस्तुत गर्ने गर्छन् । यसले समाजलाई हाँस्य शैलीमा भए पनि त्यसको नकारात्मकताबारे सचेत गराइन्छ । यद्यपि केही वर्षदेखि हाँस्य कलाकारमाझ नै यसको उत्साह घटेको पाइन्छ ।

कुनै समय काठमाडौँमा दुईदेखि तीन समूहसम्मले गर्ने 'गाईजात्रा' प्रहसन अहिले एक ठाउँमा मुस्किलले हुन्छ । वर्षभरिका राजनीतिक, सामाजिकलगायतका विकृतिप्रति खुलेर व्यंग्य प्रहार गर्ने पर्वलाई भौतिकसँगै डिजिटलरूपमा मनाउने तयारीमा कलाकार जुटेका छन् । हाँस्य कलाकार जीतु नेपाल 'कमेडी टुर'सँगै डिजिटलरूपमा समेत प्रस्तुतिको तयारी गरिरहेका छन् ।

उनले भने, 'डिजिटलरूपमा एक साताको प्रस्तुति तयार गर्दैछु, यसबाहेक कमेडी टुर गर्दैछु, जनप्रतिनिधिले जनताको गुमाइरहेको विश्वास र दायित्व भुल्नुभएको विषयमा व्यंग्य गर्दैछु ।' कोरोनाका कारण भएको बन्दाबन्दीपछि भौतिकरूपले नभइरहेको 'गाईजात्रा' यसपटक कमलादीस्थित प्रज्ञा भवनमा हाँस्य कलाकार मनोज गजुरेलले आफ्नो समूहसँग गर्दैछन् । उनले पहिलो चरणमा पूर्वी नेपाल, दोस्रो चरणमा काठमाडौँ र तेस्रो चरणमा पश्चिम नेपालमा आफ्नो समूहको प्रहसन प्रस्तुत हुने जानकारी दिए ।

यस्तै हाँस्य कलाकार मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, सन्तोष पन्त, किरण केसी, राजाराम पौडेल, दीपकराज गिरी, केदार घिमिरेलगायत कार्यक्रमको तयारीमा छैनन् । विशेषतः ठूलो पर्दामा काम गर्न थालेपछि हाँस्य कलाकार गिरीलगायतको समूहले कार्यक्रम गरेका छैनन् । स्वास्थ्य अवस्थाका कारण 'मह जोडी'ले पनि कार्यक्रम नगरेको लामो समय भइसकेको छ । यद्यपि निर्देशक तथा अभिनेत्री दीपाश्री निरौला भने 'रेडियो अडियो'मार्फत 'गाईजात्रा'को प्रस्तुति दिने तयारीमा छन् ।

विसं २०६१ देखि निरन्तर क्यासेट, सिडी हुँदै युट्युबमा आफ्नो प्रहसन तयार गरिरहेका हाँस्य कलाकार शिवशंकर रिजाल 'जोगिन्दर' ले 'लुछाचुँडी' नामक प्रहसन सार्वजनिक गरिसकेका छन् । 'गाईजात्राकै आसपासमा मोफसल टुर गर्दैछौं, काठमाडौँमात्र केन्द्रित नभई नेपालभर गाईजात्राको रौनक बढाउने उदेश्यले टुर गर्दै छौं,' हाँस्यकलाकार रिजालले भने ।

## रंगशाला

# नेपालमा पहिलोपटक एसियास्तरको ब्याडमिन्टन प्रतियोगिता




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा ब्याडमिन्टन एसियाको प्रतियोगिता पहिलो पटक हुने भएको छ । नेपाल ब्याडमिन्टन संघले ब्याडमिन्टन एसिया (साउथ एसिया) रिजनल च्याम्पियनसिप २०२३ काठमाडौमा आयोजना गर्न लागेको हो ।

आयोजक नेपाल ब्याडमिन्टन संघले बिहीबार एक पत्रकार सम्मेलनको अयोजन गर्दै प्रतियोगिताको औपचारिक घोषणा गरेको छ ।

महादेसीय ब्याडमिन्टनको सर्वोच्च संस्था ब्याडमिन्टन एसियाको प्रतियोगिता नेपालमा पहिलोपल्ट सञ्चालन हुन लागेको हो । प्रतियोगिता भदौ १ गतेदेखि ५ गतेसम्म एपीएफ क्लबको हलचोक स्थित कभर्डहलमा हुनेछ ।

च्याम्पियनसिपमा यू १५ र यू १७ प्रतियोगिताको रूपमा रहेको छ । यू १५ इन्डिभिज्युअलमा गर्ल्स सिंगल्स, ब्वाइज सिंगल्स, गर्ल्स डबल्स, ब्वाइज डबल्स र मिक्स डबल्स गरी ५ स्पर्धा हुने छ । त्यस्तै यू १७ तर्फ पनि इन्डिभिज्युअलमा गर्ल्स सिंगल्स, ब्वाइज सिंगल्स, गर्ल्स डबल्स, ब्वाइज डबल्स र मिक्स डबल्स गरी ५ स्पर्धासमावेश गरिएको छ । त्यस्तै, यू १५ र यू १७ टिम च्याम्पियनसिपमा पनि प्रतिस्पर्धा हुने छ । त्यसैले प्रतियोगितामा कुल इभेन्ट सञ्चालन हुने छन् ।

व्यक्तिगत र टिम स्पर्धासमावेश गरिएको छ । प्रतियोगितामा आयोजक नेपाल सहित बंगलादेश, पाकिस्तान, श्रीलंका, भुटान र माल्दिभ्स गरी दक्षिण एसियाका ६ देशबाट ८-८ जना खेलाडीले प्रतिस्पर्धा गर्न पाउने छन् । नेपाली टिममा १६ खेलाडी छन् । व्यक्तिगत स्पर्धामा आयोजक मुलुकका तीन खेलाडी एउटै स्पर्धामा सहभागि हुन पाउने व्यवस्था छ भने अन्य देशका दुई खेलाडीले एउटा स्पर्धामा प्रतिस्पर्धा गर्नसक्ने व्यवस्था गरिएको छ ।

च्याम्पियनसिपमा कुल ५२ खेलाडी सहभीग हुदैछन्, जसमा गर्ल्सर्पतर्फ २६ र ब्वाइजतर्फ पनि २६ जना खेलाडी सहभागि हुने नेपाल ब्याडमिन्टस संघका अध्यक्ष रामजीबहार श्रेष्ठले जानकारी दिए ।

प्रतियोगिता अन्तर्गत दक्षिण एसियाली स्तरका विभन्न चार इभेन्ट्स पनि सञ्चालन हुदैछ, जसमा साउथ एसिया लिडर्स डिभलमेन्ट मिटि, साउथ एसिया वुमेन्स इन ब्याडमिन्टन वर्कसप, साउथ एसिया रिजनल एम्पायर कोर्ष र साउथ एसिया जुनियर टेनिङ क्याम्प छन् ।

च्याम्पियनसिप तथा कार्यक्रम सञ्चालनका लागि ब्याडमिन्टन एसियाबाट सिनियर डेभ्लोप्मेन्ट सिनियर म्यानेजर सम्बेन्थन शिवपेरुमल र थानाबालन अरिकृष्णन तथा इभेन्ट्स म्यानेजर एनजी येइन मुन नेपाल आइसकेका छन् । ब्याडमिन्टन एसिया डेभ्लोप्मेन्ट कमिटिका चेयरमेन वाजित अलि चौधरी आजै राती आउँदै छन् ।

# सेभियालाई हराउँदै सिटी च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** इंग्लिस क्लब म्यानचेस्टर सिटी स्पेनिस क्लब सेभियालाई पराजित गर्दै युइएफए सुपर कप च्याम्पियन बनेको छ ।




ग्रीसको एथेन्समा बुधबार राति भएको खेलमा टाइब्रेकरमा स्पेनिस क्लब सेभियालाई ५-४ ले पराजित गर्दै सिटीले सिजनको पहिलो उपाधि जित्न सफल भएको हो ।

निर्धारित समयमा १-१ गोलको बराबरी भएको थियो । निर्धारित समयको खेल बराबरीमा टुंगिए पछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो । टाइब्रेकरमा सिटीका एर्लिङ हालान्ड, जुलियन अल्भारेज, माटियो कोभासिस, ज्याक ग्रेलिस र केल वाल्करले गोल गर्न सफल भए । सेभियाका नेमान्जा गुडेल्जले अन्तिम प्रहारमा गोल गर्न सकेनन् । लुकास ओकम्पास, राफा मिर, इभान राकिटिच र गोन्जालो मोन्टेलले गोल गर्न सफल भए । त्यसअघि युसुफ एन न्यास्रीको गोलबाट सेभियाले खेलको २५औं मिनेटमा अग्रता लिन सफल भएको थियो ।

एक गोलले पछि परेको सिटीले ६३औं मिनेटमा बराबरी गोल फर्काउन सफल भयो । युइएफए सुपर कप युइएफए च्याम्पियन्स लिग विजेता र युइएफए युरोपा लिग च्याम्पियनबीच हरेक वर्ष हुने गर्दछ । सिटी च्याम्पियन्स लिगको तथा सेभिया युरोपा लिगको च्याम्पियन हो ।

# क्रिकेट कैलालीको अध्यक्षमा पुनः विष्ट

■ प्रभाव संवाददाता

**धनगढी–** जिल्ला क्रिकेट संघ कैलालीको अध्यक्षमा पुनः विक्रम विष्ट निर्वाचित भएका छन् । बिहीबार सातौं अधिवेशनबाट विष्ट सर्वसम्मत दोश्रो कार्यकालका लागि निर्वाचित भएका हुन् । कैलाली जिल्लामा रहेर लामो समयदेखि उनी क्रिकेटजन्य गतिविधिमा सक्रिय रहँदै आएका छन् । उपाध्यक्षमा शम्भु लामिछाने, सचिवमा देवनारायण झा, कोषाध्यक्षमा विक्रम लामा निर्वाचित भएका छन् ।

सदस्यमा क्रमशः रतनबहादुर कठायत, बाबुराजा श्रेष्ठ, रूपक विष्ट, ज्ञानेन्द्र दडिमाना क्षेत्री, गणेश रजक, दिनेश महर्जन, लोकबहादुर खड्का (रबि), गोविन्दराज जोशी, पदमबहादुर सिंह, सम्राट सिंह र कमलराज जोशी निर्विरोध निर्वाचित भएका छन् । जिल्ला क्रिकेट संघ कैलालीको सातौं अधिवेशनमा ५ जना सम्मानित भएका छन् ।

क्रिकेटमा लामो समयदेखि सक्रिय रहेर अध्यक्ष जस्तो जिम्मेवारपूर्ण पदमा बसेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नेपाली क्रिकेटमा योगदान पुऱ्याएको भन्दै क्यानका केन्द्रीय अध्यक्ष चतुरबहादुर चन्दलाई सम्मान गरिएको छ । कैलाली जिल्ला क्रिकेट संघका पूर्वअध्यक्ष धर्मबहादुर बोहरा, पूर्वसचिव गणेश नेपाली, पूर्व कोषाध्यक्ष मदनबहादुर कुँवर र धनगढी क्रिकेट एकेडमीका अध्यक्ष सुवास शाही सम्मानित भएका हुन् ।


**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड**
**को**
**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: भाद्र १, २०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको पहिलो, दोस्रो, तेस्रो र चौथो संयुक्त वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८० ।
समय : बिहानको १०:०० बजे ।
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा. ३१, काठमाडौं ।

**क) साधारण प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.व.२०७९/०८० सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा ।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**
१) प्रबन्धपत्रको दफा २,४ र नियमावलीको नियम २ संशोधन गर्ने ।

**ग) विविध ।**

संचालक समिति
PRABHU KRISHI TATHA PASHUPANCHHI
**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड**

# सहायताकर्मीमाथिको हिंसा नरोकिएकामा राष्ट्रसंघ चिन्तित

